**मिति २०७९/१०/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. १ :**

नेपालगंज उप-महानगरपालिकाको कार्यालयबाट पेश भएको कृषक समूह गठन व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नेपालगंज उप-महानगरपालिकाको सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गरी शहरी शुसासन कायम गर्न सार्वजनिक निजी साझेदारी ऐनको मस्यौदाको लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आ.व. २०७९/०८० को श्रमीकको रुपमा दर्ता भएका नामावलीहरु अमृत चमार समेत १६० (एक सय साठी) जना लाई सूचीकृत गर्ने र आ.व. २०७९/०८० को लागि रोजगार सेवा केन्द्रद्धारा संचालन गर्ने योजनाहरु नगर सभाबाट अनुमोदन गर्ने गरि छनौट गरि कार्यसंचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपालगंज उप-महानगरपालिकाको ज्येष्ठ नागरिक क्लव तथा सञ्जाल गठन कार्यविधी, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

भूमी आयोगको प्रयोजनको लागि नेपालगंज उप-महानगर क्षेत्रको शहरी तथा ग्रामिण क्षेत्र निर्धारण गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१) वडा अध्यक्ष वडा नं. १८ श्री दिपक बर्मा - संयोजक
२) वडा अध्यक्ष वडा नं. ४ श्री गोपाल पुन - सदस्य
३) वडा अध्यक्ष वडा नं. १४ श्री मजहर अली साई - सदस्य
४) वडा अध्यक्ष वडा नं. २० श्री कौशल कुमार धोबी - सदस्य
५) कार्यपालिका सदस्य श्री अमृता कुमारी सिंह - सदस्य
६) नापी शाखा प्रमुख श्री मनराज थापा - सदस्य-सचिव

उल्लेखित समितिले सबै वडा समिति तथा विज्ञको सल्लाह र सुझावमा १ (एक) महिना भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. १६ मा पर्ने सुख्खा वन्दरगाहा जाने पहुँच मार्गमा निर्माण हुने स्थायी संरचनाको सेट ब्याक ६ (छ) मिटर कायम गर्ने निर्णय गरियो ।

CamScanner

**मिति २०७९/१०/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. ७ :**

प्रदेश सभा तथा प्रतिनिधी सभा सदस्य निर्वाचन, २०७९ मा मतदाता शिक्षामा खटिएका महिला स्वास्थ्य स्वयम सेविका तथा कर्मचारीलाई विविध शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीरण नीति, २०७८ बमोजिम संस्थागत व्यवस्थाको दफा, ४ बमोजिमको सदस्यमा वडा नं. ७ का वडा अध्यक्ष श्री प्रशान्त श्रेष्ठ, कार्यपालिका सदस्य, श्री शोभा खटिक र श्री बिना थापा लाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

नेपालगंज उप-महानगरपालिकाको नगर यातायातको विकास र वस्ती विकासलाई व्यवस्थित बनाउन कार्य क्षेत्रगत शर्त तयार गरी नगर यातायात गुरुयोजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

नगर स्तरिय अपाङ्गता संजालको मिति २०७९/०९/०५ को प्रस्ताव उपर छलफल गर्दा थप छलफलका लागि नगर कार्यपालिकाको सामाजिक विकास समिति मा पुनः छलफलका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्थाको नविकरण तथा सिफारिस गर्ने काम सम्बन्धित वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

नेपालगंज उप-महानगरपालिका नगर प्रहरी शाखाले मिति २०७९/१०/१० मा पेश गरेको प्रतिवेदन अनुसार नेपालगंज उप-महानगरपालिका वडा नं. ४ मा अवस्थित बसपार्कमा रहेका सुकेका रुखहरुलाई व्यवस्थापन गर्नुपर्ने भएको हुँदा उक्त रुखहरु काटी नियमानुसार लिलाम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत भवनियापुर आयुर्वेद औषधालयमा कविराज निरिक्षक, अधिकृत छैठौं तहमा कार्यरत डा. मनोज कुमार यादवले यस कार्यालयमा मिति २०७९/०९/१४ गते पेश गर्नुभएको निवेदनानुसार निजले आयुर्वेद स्नातक तहको कोर्ष पुरा नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भईसकेको ले कार्यालय समय बाहेक निजी अभ्यास तथा अध्यापनको लागि सहमति माग गर्नुभएकोले हुँदा निजलाई कार्यालयको कामकाजमा वाधा अवरोध नपर्ने गरि कार्यालय समय वाहेक निजी अभ्यासका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०७९/१०/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १४ :**

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकिकरण कार्यक्रम संचालनका लागि तयार पारिएको "वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकिकरण कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावना" वैदेशिंक रोजगार वोर्डमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

नेपालगंज उप-महानगरपालिकाको बाह्रौ नगर सभाको बैठक मिति २०७९ माघ २८ गते शनिबारका दिन भेरी प्राविधिक शिक्षालय नेपालगंज, बाँकेमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

नेपालगंज उप-महानगरपालिकाको नगर स्वास्थ्य सेवा ऐन, २०७९ स्वीकृतीका लागी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

नेपालगंज उप-महानगरपालिका र श्री राप्ति गणेश कन्स्ट्रक्सन, नेपालगंज, बाँके बीच मिति २०७८/११/०२ मा NSMC/NCB/W06/078/79 नं. को ठेक्का Road and Drain Construction at Different Places, Ward No 18 कार्य गर्नको लागि सम्झौता भइ कार्य सम्पन्न म्याद २०७९/०९/३० सम्म रहेकोमा १८ नं. वडा कार्यालयको प.सं. २०७९/०८०, च.नं. १२४६, मिति २०७९/०९/१८ को योजना संसोधन सम्बन्धित पत्र बमोजिम यस ठेक्का अन्तर्गत रहेको ओमकारको घरदेखि मस्जित सम्मको सडकमा सडक विभाग कार्यालय, नेपालगंजबाट योजना डुप्लिकेशनमा परेको र निर्माण कार्य जारी रहेकोले उक्त योजना भगवती टोलमा निर्माण भईरहेको सडकमा संसोधनको लागि माग भई आएको र उक्त कार्य सम्झौता अवधिको म्यादभित्र सम्पन्न गर्न नसकिने देखिएको साथै निर्माण व्यवसायीको मिति २०७९/०९/११ गतेको पत्र वमोजिम म्याद थपको लागि निवेदन पेश भई आएको हुँदा उक्त कार्य सम्पन्न गर्नका लागि मिति २०७९ फाल्गुन मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner